# १ परमेश्वरतिर फर्काउने पुनर्जागरणः हाम्रो महान आवश्यकता

*<u>यस अध्यायका प्रमूख पदहरू:</u>* प्रकाश ३:१४-२१, हिब्रू १२:७-११, मत्ती २५:१-१३, जकरिया ३:१-५, श्रेष्ठ गीत ५:२-५।

स्मरण गर्नुपर्ने पदः "'हेर म यहाँ छु। म तिम्रो ढोकाबाहिर उभिएर ढकढकाई रहेको छु। यदि तिमीहरूमध्ये कसैले मेरो आवाजलाई चिनेर ढोका खोल्दछौ भने, म तिमी भित्र आउनेछु र तिमीसँग खान बस्नेछु। र तिमी पनि मसँगै बसेर खानेछौ।'" (प्रकाश ३:२० रूपान्तरित)।

पाटमोस भन्ने टापुमा निष्ठुर रोमी सम्राटको निर्देशनमा येशूको वयोवृध्द चेला यूहन्ना नमरुञ्जेल निर्वासित जीवन बिताइरहेका थिए। त्यस समय येशूले उनलाई विशेष दर्शन दिनुभएको थियो। बाइबलको अन्तिम पुस्तक प्रकाश त्यस दर्शनको उपज हो। त्यस समय विभिन्न देशमा छरिएका विभिन्न सातवटा चर्चहरूलाई पत्रहरू पठाउन येशूले उनलाई निर्देशन दिनुभएको थियो। ती पत्रहरू प्रकाशको प्रथम् दुई र तिन अध्यायमा पाउँछौं। सातवटा चर्चहरूमा, लाउडिकिया वा लाउडिशिया चर्च अन्तिम चर्च थियो जसलाई अन्तिम पत्र पठाइएको थियो। लाउडिकिया वा लाउडिशियाको अर्थ "न्याय गरिएका मानिसहरू" हो। परमेश्वरका अन्तिम विश्वासीहरूका चरित्र र स्वभावलाई दर्शाउन वा वाख्या गर्न लाउडिकिया वा लाउडिशिया चर्च सिद्ध शव्दचित्रको रूपमा प्रस्तुत गरिएको छ।

टर्की भन्ने देशको दक्षिणपश्चिम भेगको खुला उपत्यकामा लाउडिकिया शहर उभिएको थियो। त्यस समय आर्थिक कारोबारमा त्यो प्रमुख शहर थियो। त्यो शहर शिक्षा र चिकित्सा विज्ञानको केन्द्र थियो। धन सम्पत्ती, ज्ञान र विज्ञानमा सम्पन्न भएको हुनाले त्यस शहरका बासिन्दाहरू आफू स्वतन्त्र र धनी भएको गर्व गर्दथे। जसले गर्दा तिनीहरू अभिमानी पनि बन्न पुगेका थिए।

तर भञ्याङ्गमा रहेको त्यस शहरमा एक जटिल समस्या थियो। त्यस शहरमा पानीको अभाव थियो। त्यस शहरको दक्षिण भागमा रहेको पाँच माइल टाढा पानीको मुहानबाट पाइप राखेर पानीको आपूर्ती

गर्दथ्यो। मुहानको पानी न्यानो थियो। तर जब त्यो पानी शहरमा पुग्दथ्यो तब त्यो पानी मनतातो अर्थात् न त चिसो न त तातो हुन्थ्यो। अन्तिम समयमा रहेका इसाई भनेर दावी गर्नेहरूको स्वभावको चित्रण गर्न येशूले **लाउडिकिया प्रयोग गर्नुभएको थियो।** किनकी ती इसाई भनाउँदाहरूका आत्मिक अवस्था न त चिसो न त तातो थियो (अर्थात् तिनीहरू चर्चमा त जान्थे, इसाईं हुँ भनेर दावी त गर्दथे, इसाई संस्कारहरू पनि पालन त गर्दथे, तर तिनीहरूमा न त जोश थियो न त जाँगर नै थियो)। तिनीहरू अभिमानी, अल्छी र कसैको वास्ता नगर्ने स्वभावको पकडमा थियो। परमेश्वरलाई भित्री हृदयदेखि सेवा गर्ने भावना त्यस चर्चमा हराएको थियो। त्यस चर्चको मुख्य खाँचो नै आत्मिक रूपमा जागरण ल्याउनु थियो।

तर लाऔडिकिया मण्डली वा चर्चलाई दिएको सन्देशमा आशा पनि भरिएको थियो। ख्रीष्टले बडो ममतापूर्वक त्यस चर्चलाई सम्बोधन गर्नुहुन्छ। तिनीहरूको हृदयको आवश्यकता पूरा गर्न र तिनीहरूको गहिरो आत्मिक चाहनालाई पून जगाउन येशू ख्रीष्टले तिनीहरूसमक्ष प्रस्ताव राख्नुभएको थियो।

## १. मनतातो लाउडिकिया वा लाउडिशिया चर्चलाई आशा (२ कोरन्थी ५:१७)

प्रत्येक सातवटा चर्चहरूलाई एक एक गरेर येशूले सम्बोधन गर्नुहुन्छ। त्यो सम्बोधन प्रकाश २ र ३ अध्यायमा लेखिएको छ। प्रत्येक सम्बोधनमा उहाँले आफ्नो फरक फरक नाउँ प्रयोग गर्नुहुन्छ। त्यस नाउँले ती चर्चहरूको आत्मिक अवस्थालाई देखाउँदछ। लाउडेकिया चर्चका विश्वासीहरूलाई सन्देश दिने क्रममा उहाँले विभिन्न नामहरू प्रयोग गर्नुहुन्छ। जो जो मानिसहरू उहाँको आह्वानलाई सुन्दछन् तिनीहरूले आफ्ना आत्मिक जीवनलाई पुनर्जीवित पार्दछन्।

**लाउडेकियाका चर्चलाई पत्रद्वारा सम्बोधन गर्नुहुँदा उहाँले आफूलाई "आमेन", "विश्वासिलो र सत्य गवाही" र "परमेश्वरको सृष्टिको सुरू" भनेर सम्बोधन गर्नुभएको थियो। तिनीहरूको अर्थ के होला? देहायका पदहरू पढ्नुहोस्: प्रकाश ३:१४,१५ "अनि लाउडिकियाका मण्डलीका दूतलाई यो लेखः यी कुरा आमेन, विश्वासयोग्य र साँचो साक्षी र परमेश्वरका सृष्टिको शासकले भन्दछ। १५ मलाई तिम्रा कामहरू**

थाहा छ। तिमी चिसो पनि छैनौ, तातो पनि छैनौ, चिसो कि तातो भए त हुनेथियो।" २ कोरन्थी १:२० "२० किनकि परमेश्वरका सबै प्रतिज्ञाहरू उहाँमा "हो" हुन्छ। यसैकारण उहाँद्वारा परमेश्वरका महिमाको निम्ति हामी "आमेन" भन्छौं।" यूहन्ना ३:१०-१२ "येशूले तिनलाई जवाफ दिनुभयो, "तिमी इस्राएलका गुरु हौ, र पनि यी कुरा बुझ्दैनौ ११ साँच्चै, म तिमीलाई भन्दछु, हामी जे जान्दछौं त्यो भन्दछौं, र हामीले जे देखेका छौं त्यसको गवाही दिन्छौं, तर तिमीहरू हाम्रो गवाही स्वीकार गर्दैनौ। १२ मैले तिमीहरूलाई पृथ्वीका कुरा भनें, र पनि तिमीहरू विश्वास गर्दैनौ, त तिमीहरूलाई स्वर्गका कुरा बताएँ भने कसरी विश्वास गर्न सक्छौ ?" र कलस्सी १:१३-१७, "१३ उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो, र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ। १४ उहाँमा हाम्रो उद्धार, अर्थात् पापको क्षमा छ। १५ उहाँ अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ, १६ किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्। १७ उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन्।"

"परमेश्वरको सृष्टि" भनेर प्रकाश ३:१४मा प्रयोग गरेको ग्रीक अर्थात् युनानी शव्द हो ,आर्के (arche)। त्यसको अर्थ कुनै पनि घट्ना वा कामको सुरुवात गर्ने हो। यहाँ आर्केको अर्थ येशू सारा सृष्टिको संस्थापक वा सुरूवात भन्ने जनाउँछ। स्पष्टमा भन्ने हो भने उहाँ सृष्टिकर्ता हुनुहुन्छ (यूहन्ना १:१-३, एफिसी ३:८,९)।

उपरोक्त धारणालाई आत्मसात् गर्नु अत्यन्त जरुरी छ। येशूले बोल्नुभयो र संसारको अस्तित्व हुन आयो। त्यहाँ जीवन आयो। पृथ्वीलाई सृष्टि गर्ने उहाँ नै हुनुहुन्छ। यस संसारमा भएका जीवनको अस्तित्व उहाँबाट नै भएको थियो। सर्वशक्तिमान सृष्टिकर्ता जसले जीवनलाई सृष्टि गर्नुभयो, यदि हामीहरूको हृदयले चाहेको खण्डमा उहाँले हाम्रो आत्मिक इच्छालाई पुनर्जीवित पार्न सक्नुहुन्छ। चोला अर्थात् जीवनशैलीमात्र होइन हाम्रो आत्मिक जीवनलाई पनि परिवर्तन गर्न सक्नुहुन्छ। लाउडिकियाका मण्डलीलाई सम्बोधन गर्ने त्यहि येशूले हामीलाई पनि आशाको वाणी दिनुहुन्छ।

देहायका पदहरूले तपाईंलाई के भनीरहेकाछन्? २ कोरन्थी ५:१७, " यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ।" र गलाती ६:१४,१५, "हाम्रा प्रभु येशू ख्रीष्टको क्रूस बाहेक अरू कुनै पनि कुरामाथि घमण्ड गर्ने कुरा मदेखि दूर रहोस्, जसद्वारा मचाहिँ संसारको लेखि, र संसार मेरो लेखि क्रूसमा झुण्ड्याइएको छ। १५ न त खतनाको केही महत्त्व छ, न बेखतनाको, तर नयाँ सृष्टि नै सब थोक हो।"

**लाउडेकियाका मण्डलीलाई दिएको सन्देश आशाको सन्देश किन भएको छ? गम्भिर सतर्कतासाथ दिएको यस सन्देशले तपाईंलाई कस्तो खालको प्रोत्साहन दिन्छ? येशूले आफूलाई तिनवटा नाउँ काढेर सम्बोधन गर्नुभएकोमा कुनचाहिँ तपाईंको निम्ति अत्यन्त अर्थपूर्ण छ?**

## २. मायाले दिएको चेतावनी वा हप्काइ (प्रकाश ३:१५,१६)

येशूले लाउडीकियाका चर्चलाई गम्भिर चेतावनी यसरी किन दिनुभएको छ? हेर्नुहोस्, प्रकाश ३:१५,१६, "मलाई तिम्रा कामहरू थाहा छ। तिमी चिसो पनि छैनौ, तातो पनि छैनौ, चिसो कि तातो भए त हुनेथियो। १६ किनकि तिमी मनतातो छौ, न चिसो न तातो, यसकारण म तिमीहरूलाई मेरो मुखबाट उकेलिदिनेछु।" चिसो न तातो अर्थात् मनतातोको अर्थ के हो? त्यसको सट्टामा येशूले अर्को कुन शव्दहरू प्रयोग गर्न सक्नुहुन्थ्यो होला?

**प्रकाश ३:१५ र १६को बारेमा टिप्पणी गर्दै एलेन जी ह्वाइटले भन्नुहुन्छ, "आत्मिक अनुभवमा अधकल्चो वा अपरिपक्व हृदय भएका मानिसहरूको बारेमा दिएको सन्देश लाउडिकियाको हो। त्यस्ता मानिसहरू सत्यको पक्षमा प्रतिवद्धतासाथ अटल भएर साक्षी दिँदैन।" *एसडिए बाइबल कमेन्टरी,* ठेली ७, पृ. ९६२बाट रूपान्तरित। यो टिप्पणी अत्यन्त गहकिलो छ। मनतातो आत्मिक अनुभवमा जीवन हुँदैन। बाहिरी चोलामा इसाईको लुगा लगाएको हुन्छ तर भित्र भने खोक्रो र त्यसमा चाहिने खँदिलो वचन हुँदैन। अर्थात् बाहिरबाट हेर्दा त्यो इसाई अत्यन्त भलादमी, सोझो धर्मी देखिन्छ भने उसको आफ्नै जीवनमा जीवित पानीको मुहान सुकिरहेको हुन्छ। उसमा जीवित शक्तिको अभाव भइरहेको हुन्छ।**

तर याद गर्नुहोस्, लाउडेकियाका विश्वासीहरूमा झुट्टा शिक्षाहरू थिएनन्। तिनीहरू हावाको भरमा परमेश्वरलाई विश्वास गरेका थिएनन्। तिनीहरू पागल पनि थिएनन्। तर तिनीहरूको मूल कमजोर भनेकै तिनीहरू आत्मिक परिवर्तन भएका थिएनन्। तिनीहरूले आत्मिक कुराहरूप्रति चासो देखाएका थिएनन्। तिनीहरूको चोला परिवर्तन त भए र अरूको आँखामा तिनीहरू साधु जीवन अर्थात् पवित्र जीवन बिताइरहेका देखिन्थे। त्यसता विश्वासीहरूको हृदय खोतल्दै पावलले भन्दछ, “बाहिरबाट हेर्दा तिनीहरू परमेश्वरको सेवा गरिरहेको जस्तो देखिनेछ। तर परमेश्वरको शक्तिबाट आफ्नो पिठ्युँ फर्काइरहेकाछन् भनेर तिनीहरूको क्रियाकलापले छर्लङ्ग पार्दछ" (२ तिमोथी ३:१५ न्यु इन्टरनेशनल रिभाइज्द भर्जन)। येशूले पनि त्यसता खालका धर्मका खोल ओढेका विश्वासीहरूको बारेमा यसरी भन्नुहुन्छ, "तिनीहरूले मुखबाट त मलाई सम्मान गर्दछन्। तर तिनीहरूका हृदयहरू मबाट अत्यन्त टाढा छन्" (मत्ती १५:८ न्यु इन्टरनेशनल रिभाइज्द भर्जन)।

परमेश्वरलाई विश्वास गर्छु भनेर धर्मका खोल ओढेका तर आत्मिक रूपमा खोक्रो भएका ढोंगी मानिसहरूलाई उहाँले दिनुभएको चेतावनी वा झपारको उद्देष्य के हो भनेर देहायका पदहरूले देखाउँदछन्ः हिब्रू १२:७-११, “ताड़नाको निम्ति नै तिमीहरू कष्ट सहन्छौ। परमेश्वरले तिमीहरूसँग छोरालाई झैं व्यवहार गर्नुहुन्छ। किनकि बाबुले ताड़ना नदिएको कुनचाहिँ छोरा हुन्छ र ८ तर यदि सबै जना सहभागी भएको त्यो ताड़ना तिमीहरूले पाएका छैनौ भनेता तिमीहरू आफ्ना बाबुका खास छोराहरू होइनौ, तर व्यभिचारमा जन्मेका छोराहरू हौ। ९ यसबाहेक हामीलाई ताड़ना दिने हाम्रा शारीरिक बुबा थिए, र हामीले तिनको आदर गर्‍यौं। के झन् बढ़ी हाम्रा आत्माका पिताको अधीनमा बसेर हामीले जीवन प्राप्त गर्दैनौं र? १० किनकि तिनीहरूले असल ठानेबमोजिम केही दिन हामीलाई ताड़ना दिए। तर हामी उहाँका पवित्रताको सहभागी हुन सकौं भनेर हाम्रो फाइदाको निम्ति उहाँले ताड़ना दिनुहुन्छ। ११ सबै ताड़ना सुरुमा सुखद हुँदैन तर दुःखदायी हुन्छ, तर ताड़नाद्वारा तालीम पाएकाहरूका लागि यसले पछि धार्मिकताको शान्तिपूर्ण फल उत्पन्न गराउँछ।", अयूब ५:१७-१९ “ “त्यो मानिस धन्यको हो, जसलाई परमेश्वरले चेताउनुहुन्छ। यसकारण सर्वशक्तिमान्‌को अनुशासनलाई इन्कार नगर।

१८ किनभने उहाँले चोट पार्नुहुन्छ, तर उहाँले पट्टी बाँध्नुहुन्छ, उहाँले चोट पार्नुहुन्छ, तर उहाँको हातले निको पनि पार्नुहुन्छ। १९ छ पल्ट तिमीमाथि आपत् आइपरे तापनि उहाँले तिमीलाई बचाउनुहुनेछ, सात पल्टको हानिले पनि तिमीलाई छुनेछैन।", भजन ९४:१२, " हे परमप्रभु, त्यो मानिस धन्यको हो, जसलाई तपाईंले ताड़ना दिनुहुन्छ, र आफ्नो व्यवस्थाबाट सिकाउनुहुन्छ।" र हितोपदेश २९:१५-१७, " सुधारको छड़ीले बुद्धि प्रदान गर्छ, तर छाडा छोड़ेको छोराले आफ्नी आमाको बेइज्जत गर्छ। १६ जब दुष्ट फस्टाउन थाल्छ, पाप पनि फस्टिँदैजान्छ। तर धर्मीले तिनीहरूको पतन देख्नेछ। १७ आफ्नो छोरालाई ताड़ना दे, र त्यसले तँलाई शान्ति दिन्छ। त्यसले तेरो प्राणमा अति आनन्द ल्याउनेछ।"

**उहाँका नाउँमा चल्ने जनहरूलाई परमेश्वरले अति माया गर्नुहुन्छ। तिनीहरूमा कोही पनि नाश नहोस् भन्ने उहाँ चाहना गर्नुहुन्छ। तिनीहरूको हृदयमा आत्मिक ज्वाला चम्काएर नयाँ जीवन फेरि सुरू गरियोस् भनेर परमेश्वरले सबै खालका प्रयासहरू गर्नुहुन्छ। उहाँको प्रेम अत्यन्त कडा भएकोले उहाँका नाउँमा चल्नेहरूलाई उहाँले कडा चेतावनी दिनुहुन्छ। हामीहरूको आत्मिक रोग निको होस् भनेर मात्र नै उहाँले हामीलाई दण्ड दिनुहुन्छ। आफ्ना जनहरूलाई परमेश्वरतिर फर्क भनेर आह्वान गर्दै अगमवक्ता होशेले आफ्नो भावना यसरी व्यक्त गर्दछन्, "आओ ! परमेश्वरतिर फर्कौं। उहाँले हामीलाई छियाछिया गर्नुभएको छ। तर उहाँले हामीलाई निको पार्नुहुनेछ। उहाँले हामीलाई घाइते बनाउनुभयो। तर हामीहरूको घाउमा उहाँले मलहमपट्टी लगाइदिनुहुनेछ।" (होशे ६:१ न्यु इन्टरनेशनल रिभाइज्द भर्जन बाइबल)।**

उहाँको नजिक ल्याउन र तपाईंलाई नम्र बनाउन कहिलेकाहीं दर्दनाक वा लाजमर्दो अनुभव के परमेश्वरले तपाईंलाई प्रयोग गर्नुभएको छ? ती अनुभवहरूबाट तपाईंले के सिक्नुभयो? ती अनुभवहरूबाट गलत देखावटी आत्मिक जीवनमा फेरि नलाघ्न तपाईंलाई कसरी सघाएका थिए?

## ३. आत्मज्ञान र यथार्थता (प्रकाश ३:१७)

**लाउडेकियाका मानिसहरूको भनाई र गराईमा फरक थियो। आत्मिक जीवन कस्तो थियो भन्ने तिनीहरूको सोचाइ र त्यस जीवनको यथार्थ अनुभवमा पनि तिनीहरूले भिन्नता देखाएका थिए।**

आफूहरू कस्ता छन् भनेर लाउडिकियाका विश्वासीहरू ढुक्क भएका प्रकाश ३:१७ले यसरी बताउँदछ, ×म धनी छु, र मसित धन-सम्पत्ति छ, र मलाई केही कुराको खाँचो छैन" भनी तिमी भन्दछौ, तर तिमीलाई थाहै छैन कि तिमी दुःखी, दयनीय, दरिद्र, अन्धा र नाङ्गा छौ।" तिनीहरूको बारेमा परमेश्वरको स्पष्ट धारणा कस्तो थियो? मानिसहरू सचमुच रूपमा आत्मिक अवस्थामा अन्धा भएको बारेमा तपाईं के सोच्नुहुन्छ? हामीहरूकै आत्मिक अवस्थामा के हामीहरू पनि अन्धा हुनसक्छौं र?

**हामीहरूको आत्मिक आवश्यकताको पहिचान गर्न नसक्नु नै सैतानले प्रयोग गरेको छल हो। त्यो अत्यन्त खतरापूर्ण छ। उसकै छलले नै हामीलाई अन्धो बनाउँदछ। येशूकै पालामा पनि कतिपय धार्मिक गुरूहरू आत्मिक रूपमा अन्धा थिए। यथार्थमा तिनीहरू नियमित रूपमा बाइबल पढ्दथे, शबाथ-दिनलाई बढो होशियारपूर्वक पालना गर्दथे, दशांश भेटी इमान्दारीपूर्वक दिन्थे र मसिहको आगमनको पर्खाइमा थिए (बाहिरबाट हेर्दा तिनीहरू पक्का सेभेन्थ-डे एडभेन्टिस्ट देखिएका थिए भन्ने कुरामा कसैको दुईमत नहोला-अनुवादकको टिपणी)। तर कस्तो खालका आत्मिक राज्य येशूले ल्याउने थिए भन्ने कुरामा कतिलाई थाहा थिएन। येशूले तिनीहरूलाई "अन्धा अगुवाहरू" भनेर गाली गर्नुभएको थियो (मत्ती २३:२४)। "विश्वास नगर्ने मानिसहरूको दिमाग " (२ कोरन्थी ४:४) भनेर कोरन्थी चर्चका विश्वासीहरूलाई पावलले सम्बोधन गरेका थिए। त्यसकारणले नै येशूले आफूकहाँ आउन अनुरोध गर्नुभएको थियो "ताकी अन्धाहरूले फेरि दृष्टि पाउनेछ" (लूका ४:१८)। अर्को शब्धमा भन्ने हो भने, यदि हामीले येशूलाई गर्न दियौं भने उहाँले हाम्रो गुमेको आत्मिक अन्धोपनालाई निको पार्नुहुनेछ। उहाँले हामीलाई नयाँ आँखा दिनुहुनेछ। जब जब येशूले भौतिक अन्धा आँखालाई निको पार्नुहुन्थ्यो तब तब उहाँले दिमागको आँखा पनि खोलिएको उहाँले चाहनुभएको थियो। भित्री अन्धा आँखालाई खोल्दा उहाँलाई स्पष्टसँग चिनियोस् भन्ने उहाँको चाहना थियो।**

येशूले दुई थरिका कन्याहरूको बारेमा अर्तिकथा भन्नुभएको थियो। त्यसमा पाँच जना मूर्ख कन्याहरूलाई औंल्याइएको छ। लाउडेकियाका चर्चका सदस्यहरूको स्वभाव ती मूर्ख कन्याहरूसँग कसरी मिल्दोजुल्दो छ? हेर्नुहोस्, मत्ती २५:१-१३, " "तब स्वर्गको राज्य दश कन्याहरूसँग तुलना गर्न सकिन्छ। तिनीहरूले आ-आफ्नो बत्ती लिएर दुलहालाई भेट्न निस्के। २ तीमध्ये पाँच जना निर्बुद्धि र पाँच जनाचाहिँ बुद्धिमती थिए। ३ किनकि जब निर्बुद्धिहरूले आफ्ना बत्ती लगे, तब तिनीहरूले साथमा तेलचाहिँ लगेनन्। ४ तर बुद्धिमतीहरूले चाहिँ आफ्ना बत्तीसँगसँगै पात्रमा तेल पनि लगे। ५ दुलहाले बियाँलो गर्दा ती सबै निद्राले लट्ठ भए र निदाए। ६ "तर मध्यरातमा 'हेर दुलहा, उनलाई भेट्न आओ,' भन्ने आवाज आयो। ७ "तब ती सबै कन्याहरू ब्यूँझे, र आफ्नो-आफ्नो बत्ती ठीकठाक पारे। ८ निर्बुद्धि कन्याहरूले बुद्धिमतीहरूलाई भने, 'तिमीहरूको तेलबाट हामीलाई अलिकता देओ, किनभने हाम्रा बत्ती त निभ्न लागे।' ९ "तर बुद्धिमतीहरूले यसो भनेर जवाफ दिए, 'हामी र तिमीहरू दुवैलाई पुग्ने यथेष्ट तेल छैन होला, बरु पसलेकहाँ जाओ र आफ्नो लागि किन।' १० "तिनीहरू किन्न जाँदा दुलहा आइपुगे, र तयार हुनेहरू उनीसँग विवाहको भोजमा भित्र पसे, र ढोका बन्द भयो। ११ "पछिबाट ती अरू कन्याहरू आइपुगे र यसो भन्न लागे, 'प्रभु, प्रभु, हाम्रा लागि खोलिदिनुहोस्!' १२ "तर उनले जवाफ दिएर भने, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, म तिमीहरूलाई चिन्दिनँ।' १३ "यसकारण जागा रहो, किनकि त्यो दिन र त्यो घड़ी तिमीहरूलाई थाहा छैन।"

आत्मिक रूपमा कसरी जागेर भएर बस्ने? इसाई हुँ भनेर दावी गर्नेहरूमा आत्मिक रूपमा अल्छि हुने, जाँगर नचल्ने, चर्चको क्रियाकलापमा चिसोपना देखाउने वा चासो नदेखाउने जस्ता स्वभावहरूले पिरोल्न किन सजिलो होला? सोच्नुहोस्। यस्ता खालको आत्मिक शिथिलताबाट सुरक्षित हुन के के उपायहरू विश्वासीहरूले अपनाउनु पर्दछ?

## ४. परमेश्वरको उपचार (प्रकाश ३:१८,१९)

**आत्मिक अवस्थामा जिर्ण भएतापनि लाउडेकियाका विश्वासीहरूमा आशा जगाउन सकिन्छ। आत्मिक रूपमा शिथिल हुने प्रत्येक विश्वासीको**

निम्ति आशा छ। त्यस रोग अर्थात् समस्याको औषधीउपचार हाम्रो प्रभुसँग छ। त्यस चर्चलाई प्रभुले वेवास्ता नगरी सम्बोधन गर्नुभएकै कारणले त्यहाँ आशाको किरण छाएको छ भनेर प्रमाणित गर्दछ। तर तिनीहरूले येशूको वचनलाई स्वीकार गरेर उहाँको निर्देशन मुताविक चल्न चाहेमा मात्र त्यो आशाले तिनीहरूमा काम गर्न सक्दछ।

येशूले प्रकाश ३:१८,१९मा भन्नुभएको यो वचन सोच्नुहोस्, " यसकारण धनी हुनलाई (आत्मिक रूपमा सम्पन्न हुन) आगोले खारेको सुन र आफ्नो नग्नताको शर्म ढाक्नलाई सेतो वस्त्र र तिमीले देख्न सक भनी तिम्रा आँखामा लाउनलाई मलहम, यी सबै मबाट किन्ने म तिमीलाई सल्लाह दिन्छु। १९ जत्तिलाई म माया गर्छु, म तिनीहरूलाई हप्काउँछु, र ताड़ना दिन्छु। यसकारण उत्साहित होओ। पश्चात्ताप गर।" येशूको भनाइमा "आगोले खारेको सुन" र "सेतो वस्त्र" र "आँखामा निको हुने मलहम लगाउनु"को अर्थ के हुन्? (त्यहि सन्दर्भमा १ पत्रुस १:७, जकरिया ३:१-५, प्रकाश १९:७-९, र एफिसी ४:३० पनि पढ्नुहोस्)।

"प्रत्येक मानिसको ढोका ढोकामा येशू चहार्नुहुन्छ। प्रत्येक मानिसको आत्मिक मन्दिरको ढोका अगाडि उभेर भन्नुहुन्छ, 'म ढोका बाहिर छु र घचघचाउँदै छु' (प्रकाश ३:२०)। स्वर्गका विक्रेता भएर उहाँले आफ्ना खजानाहरू खोल्नुहुन्छ र चिच्याउनुहुन्छ, 'मसँग भएको आगोले खारेका तेजाबी सुन किन। अनि तिमीहरू धनी हुनेछौ। मसँग भएको सेतो वस्त्र किनेर लगाऊ। अनि तिमीहरूको लज्जास्पद नङ्गनतालाई ढाक्न सक्नेछौ' (प्रकाश ३:१८ न्यु इन्टरनेशनल रिभाइज्ड भर्जन बाइबल)। येशूले दिन चाहनुभएको सुन शुद्ध र निष्खोट छन्। अफिर जस्ता बहुमूल्य पत्थरबाट निकालेको सुन भन्दा उहाँको सुन अत्यन्त मूल्यवान छ किनकि त्यो सुन आस्था र प्रेम हो।

"प्रभु येशूले प्रत्येक विश्वासीलाई उहाँको गरिमामय धार्मिक वस्त्र पहिरन निम्तो दिनु हुन्छ। त्यो नै सेतो वस्त्रको अर्थ हो। आँखा निको पार्न लगाउने तेल वा मलहम भनेको उहाँको अनुग्रहको तेल हो। जो मानिस अन्धो छ र अन्धकारमा छामछुम गरेर हिंड्छ त्यसलाई उहाँले दिने आत्मिक आँखाले बाटो देखाउँछ र अन्धकारलाई हटाइदिन्छ। परमेश्वरको आत्मा र शत्रुको आत्माले काम गरेको छुट्याउन त्यस आत्मिक आँखाले सहयोग गर्दछ। आत्मिक रूपमा धनी हुनुभएको येशूले

भन्दै हुनुहुन्छ, 'तिमीहरूको (मनको) ढोका खोल। मसँग कारोवार गर। तिम्रो उद्धारकर्ता भएको हैशियतले उपरोक्त सामग्रीहरू मसँग किन भनेर म सल्लाह दिन्छु।'"-एलेन जी ह्वाइट, *द एडभेन्ट रिभ्यु एण्ड सब्बथ हेराल्ड,* अगस्ट ७, १८९४बाट रूपान्तरित।

प्रकाश ३:२०लाई उदृध गर्दै एलेन जी ह्वाइटले येशूले भन्नुभएको "'म तिम्रो ढोका बाहिर बसेर ढकढकाउँछु।'" अत्यन्त अर्थपूर्ण मान्नुपर्दछ। मनको ढोकामा येशूले ढकढक्याइ रहनुहुन्छ भन्ने त्यस उदगारले बताउँदछ। उहाँले बलजफ्ती कसैको मनको ढोकालाई फुटालेर भित्र पस्नु हुन्न। जबरजस्ती उहाँले कसैलाई पनि आफूतिर तान्नुहुन्न। हाम्रो मनको ढोकाभित्र उहाँलाई हुल्ने हाम्रो आत्मनिर्णयको अधिकार उहाँले हामीमा नै सुम्पन्नु भएको छ। "उहाँलाई हामीभित्र हुल्नु नचाहनु हामी कति हठी रहेछौं" भनेर सोच्नुहोस्। यदि हठी हुनुहुन्छ भने आफूलाई नै सोध्नुहोस्, "किन म हठी भएको छु? केले गरेर मैले येशूलाई हुल्न चाहेको छैन? कसले रोकीरहेको छ? मेरो जीवनमा कस्ता लुकिएको पाप छन् जसलाई म त्याग्न सक्दिन? त्यो पाप छोड्न मलाई किन गाऱ्हो भइरहेको छ?

## ५. कहिलै पनि छोड्न नचाहने प्रेमको वन्धन (श्रेष्ठ गीत ५:२-५)

"म ढोकामा उभिएर ढकढकाउँछु वा ट्वाक ट्वाक गरेर बस्छु" भन्ने प्रकाश ३:२०मा उल्लेख गरेको येशूको वाणीसँग श्रेष्ठ गीत ५:२-५ तुलना गर्नुहोस् जसमा लेखिएको छ, "२ म त सुतें, तर हृदयचाहिँ जागै थियो। सुन त, मेरा प्रेमीले ढोका ढकढक्याइरहनुभएको छ। हे मेरी बहिनी, मेरी प्यारी, ढोका खोल, मेरी निर्दोष ढुकुर।
मेरो शिर शीतले भिजेको छ, मेरो कपाल रातीको चिसोले भिजेको छ।"
३ मैले मेरो लुगा फुकालिसकेकी छु, के मैले त्यो फेरि लाउनू र?
मैले मेरा खुट्टा धोइसकेकी छु
के मैले ती फेरि मैला गर्नू र? ४ मेरा प्रेमीले छेस्किनी खोल्न हात हाल्दा मेरो हृदय उहाँको लागि धड्कन लाग्यो। ५ मेरा प्रेमीको निम्ति ढोका खोल्न उठें, र मेरा हातहरूबाट मूर्र चुहुँदै थियो, र मेरा औंलाहरूबाट ढोकाको ताल्चामा मूर्र चुह्यो।"

ती दुई अंशहरूमा के समानता छ? परमेश्वरको अतुल प्रेमलाई ती पदहरूले कसरी छर्लङ्ग पारेको छ?

मध्यपूर्व एशियामा खाने बेलुकाको खाना त्यसबेला र अझै पनि धेरै महत्त्वपूर्ण मानिन्छ। दिनभरीको काम सकिएको हुन्छ। लोग्ने मानिसहरू खेतमा दिनभरी काम गरी थाकेर घरमा बेलुकाको खाना खान आउँदछन्। अनि सारा परिवार एकत्रित भएर टेबुलको वरिपरि बसेर सँगै खाना खान्छन्। प्रायजसो ठूला ठूला परिवारहरू सँगै बस्दछन्। त्यसले गर्दा बेलुका खान खान बस्दा परिवारका धेरै सदस्यहरू सँगै झुमेका हुन्छन्। हजुरबुबा, हजुर आमा, दाजुभाईदिदिबहिनी, काकाकाकी, भतिजाभतिजी, ठूला र साना सबैजना त्यस टेबुलको वरिपरि हुनसक्दछन्। अनि दिनभरीको गाऱ्हो कामले जम्मा भएको ठूलो हुलको बीचमा कथाहरू भनिन्छन्। एक आपसका अनुभवहरू बाँड्छन्। त्यसैबेला तिनीहरूको बीचमा छलफल हुन्छन् र सरसल्लाहहरू पनि दिइन्छन्। त्यसबेला सतसङ्ग गर्ने समय पनि हुन्छन्। परिवारको बीचमा न्यानोपना र घनिष्टता हुने समय त्यही नै बेला थियो। येशूले पनि त्यसै गरेर हामीहरूको बीचमा सङ्गती गर्न चाहनुहुन्छ।

हामीहरूप्रति हृदयदेखि ख्रीष्टको चाहना के रहेछ भनेर प्रकाश ३:२१मा दिएको वचनले के भन्छ? पढ्नुहोस्, “जसले जित्छ, त्यसलाई म मेरो सिंहासनमा मसित बस्न दिनेछु, जसरी म आफैले पनि जितें, र मेरा पितासँग उहाँको सिंहासनमा बसेको छु।"

परमेश्वरको सिँहासनको बारेमा प्रकाशको पुस्तकले ४०पल्ट भन्दा बेसी उल्लेख गरेको पाइन्छ। त्यत्तिका धेरै बाइबलको अरू कुनै पनि पुस्तकमा परमेश्वरको सिँहासनको बारेमा उल्लेख गरिएको छैन। स्वर्गका दूतहरूसँग हर्षोउल्लास भएर हामी परमेश्वरको सिँहासनको वरिपरि यो गाउँछौं: “मारिएको थुमा अत्यन्त योग्यको हुनुहुन्छ! शक्ति, बल, ज्ञानबुद्धि र सारा वैभव पाउन उहाँ सक्षम तथा योग्यको हुनुहुन्छ। आदर, महिमा र प्रशंसा पाउन उहाँ योग्यको हुनुहुन्छ !’"(प्रकाश ५:१२ न्यु इन्टरनेशनल रिभाइज्ड भर्जन बाइबल)। जब पापको इतिहासको अन्त हुन्छ तब हामी पनि स्वर्गका त्यस उल्लासमय र महिमामय उत्सवमा भाग लिन सक्छौं भनेर येशूले हामीलाई वचन दिनुभएको छ।

चिसो मन भएका अरूको हितमा चासो नदेखाउने संसारको अन्त्यमा रहेका उहाँका भक्तहरूलाई धेरै माया गर्नुको ठूलो कारण छ भनेर येशूले भन्नुहुन्छ। उहाँकै प्रेमले हामीलाई अजम्मरी जीवन दिनुभएको छ। हामीहरूको नशा नशामा उहाँको शाही रगत बगेको छ।

हामी यस जगतका राजाका छोराछोरीहरू हौं। उहाँकै सिँहासनमा रहेर हामी पनि राजा जस्तै गरि शासन गर्न सक्नेछौं। त्यसैकारण आत्मिक रूपमा घुरेर बसेका वा भाते निन्द्रामा परेका हामीहरूलाई येशूले उठाउन चाहेको ठूलो कारण एउटै छ, त्यो हो उहाँको आफ्नै अपार प्रेम। सारा अनन्तकालसम्म उहाँ हामीहरूसँग बिताउन चाहनुहुन्छ। यदि येशूको त्यस ममताले हामीहरूको आत्मिक शिथिलता वा अल्छिपनालाई जगाउँदैन भने अरू केले जगाउला त? येशू ख्रीष्टको मायाले भावविह्वल भएर हामीहरू उहाँको अघि घुँडा टेकाउँदैन भने हामीहरूको आत्मिक पुनर्जागरण अरू केबाट आउला र?

प्रभु येशू ख्रीष्ट तपाईंसँग सतसङ्ग गर्न चाहनुहुन्छ। उहाँसँग सतसङ्ग गर्न तपाईं कतिको चाहनुहुन्छ? त्यसको जवाफ सरल छ। परमेश्वरसँगको सङ्गती र प्रार्थनामा तपाईं कतिको समय बिताउनुहुन्छ? तपाईं कतिको मनतातो इसाई हुनुहुँदो रहेछ भनेर त्यस प्रश्नको जवाफले कसरी तपाईंको मन खोतल्दछ?

## उपसंहारः

<u>थप जानकारीः</u> "पवित्र आत्माको अगुवाईमा आत्मिक पुनर्जागरण र आमूल सुधार हुनु अत्यन्त आवश्यक छ। आत्मिक पुनर्जागरण र आमूल सुधार हुनु भनेको दुई भिन्ना भिन्नै प्रक्रिया हुन्। आत्मिक पुनर्जागरणले मानिसको आत्मिक जीवनमा नयाँ जीवन वा पुनर्ज्जीवन पाएको छ भनेर देखाउँदछ। त्यसले मानिसको दिमाग र हृदयको शक्तिलाई पुनजागरण ल्याउँदछ। मानिसको चेतनालाई जागृत गर्दछ। (अर्थात् पक्का मनोक्रान्ती ल्याउँदछ)। आत्मिक रूपमा मुर्दा भएर बसेकालाई त्यसले पुनरुत्थान गर्दछ। रिफोर्मेशन अर्थात् सुधारिएको जीवनले मानिस भित्र रहेको तर्क, वानीव्यवहोरा र आचरणलाई परिवर्तन गरी पुनर्गठन गर्दछ। अनि त्यो मानिस चोला परिवर्तन अर्थात् नयाँ व्यक्तित्व भएको देखाउँदछ। तर पवित्र आत्माको सम्पर्क बिना केवल सुधारिएको जीवनले धार्मिकताको फल फलाउँदैन। अध्यात्मिक पुनर्जागरण र शारीरिक तथा मानसिक आमूल सुधार दुवैले आआफ्नो विशेष काम गर्नुपर्दछ। (आमूल परिवर्तन चाहने) मानिसको जीवनमा ती दुवै एक भएर काम गर्नुपर्दछ।"–एलेन जी ह्वाइट, *आडभेन्ट रिभ्यु एण्ड शबथ हेराल्ड,* फेब्रुअरी २५, १९०२बाट रूपान्तरित।

“हौशला र सान्त्वनाले भरिएको सल्लाह सत्य साक्षी वा परमेश्वरको आत्माले दिनुभएको छ। सत्यको सुन, आस्था, प्रेमलाई चर्चहरूले पाएर अझ पनि तिनीहरू स्वर्गको खजानाबाट धनी हुनसक्दछन्। ‘मबाट आगोमा खारिएको सुन किन। अनि तिमीहरू धनी हुनेछौ। सेतो वस्त्र लगाउन मबाट किन। अनि तिमीमा भएको लज्जास्पद नङ्गनता ढाक्न सक्दछौ।’ सेतो वस्त्र वा पोशाक ख्रीष्टको धार्मिकता वा धार्मिक जीवन हो। त्यसलाई पहिरिएर मानिसले आफ्नो चरित्रको निर्माण गर्न सक्दछ। नम्र र शुद्ध हृदय भएको मानिसले उसको वस्त्र धोइरहेको भनेर देखाउँदछ। अनि त्यस वस्त्रलाई थुमाको रगतले सेतो बनाइरहेको आभास सबैलाई दिन्दछ।" एलेन जी ह्वाइट, *आडभेन्ट रिभ्यु एण्ड शबथ हेराल्ड,* जुलाई २४, १८८८बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. न चिसो न तातो हुनुको खतरा के छ? त्यसले हामीलाई नै सजिलैसँग कसरी मूर्ख बनाउन सक्दछ वा धोका दिन सक्दछ?

आ. कोही इसाईहरू आत्मिक रूपमा चम्किरहेको तर कोही भने आत्मिक कुरामा चासो नदेखाएको किन हुन्छ? के तिनीहरूमा व्यक्तित्व नै फरक भएकोले त्यो भएको हो र? वा त्यसमा गहिरो कुरा केही छ? यदि छ भने के हो?

इ. आत्मिक रूपमा अल्छिपना नदेखाउन के गर्नुपर्दछ, सोच्नुहोस्। हामीहरूको आत्मिक जीवन बलियो र बढाइरहन के गर्नुपर्दछ? हामीलाई मनतातो इसाई जीवनबाट सुरक्षित गर्न चर्च समूहले के गर्न सक्दछ?

ई. हामी मनतातोको सट्टा बरू चिसै भएको परमेश्वरले किन चाहनुहुन्छ? आत्मिक रूपमा पत्थर भएको जीवन भन्दा मनतातो इसाई जीवन किन धेरै खराब छ? अझ चिसो हुनु राम्रो कि मनतातो हुनु राम्रो?